# सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड

को

आठौं वार्षिक साधारण सभाको

निर्णय विवरण (माईन्युट)

| | | |
|---|---|---|
| मिति | : | **२०८३ साल जेष्ठ ०६ गते बुधवार ।** |
| समय | : | बिहान ११:०० बजे |
| स्थान | : | नेपाल पुलिस क्लव, प्रदर्शनीमार्ग, काठमाडौं । |

**१. बैधानिक सभा :**

मिति २०८३ साल बैशाख १० गते बसेको सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संचालक समितिको १८२ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

२.१ मिति: २०८३ साल जेष्ठ ०६ गते बुधबार (तदनुसार २० मे, २०२६)
२.२ स्थान: नेपाल पुलिस क्लव, प्रदर्शनीमार्ग , काठमाडौं ।
२.३ समय: बिहान ११:०० बजे देखि ।

**३. सभाको सूचना :**

३.१ यस कम्पनीको मिति २०८३ साल बैशाख १० गते बसेको सञ्चालक समितिको १८२ औं बैठकबाट मिति २०८३ साल जेष्ठ ०६ गते आठौं वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम मिति २०८३ साल बैशाख ११ गतेको कारोवार राष्ट्रिय दैनिक कारोवार पत्रिकामा २१ दिन अगाडी सूचना प्रकाशित गरी मिति २०८३ साल बैशाख २९ गतेको कारोवार राष्ट्रिय दैनिकमा पून: स्मरणार्थ दोश्रो सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथमा आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ भन्ने सूचना प्रकाशित गरिएको थियो ।

३.३ कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुलाई जानकारी तथा अध्ययनका लागी उपरोक्त बमोजिमको वार्षिक प्रतिवेदन कम्पनीको Website www.sgic.com.np मा Upload गरिएको थियो ।

**४. आसन ग्रहण :**

४.१ सभामा भाग लिन उपस्थित कम्पनीका अध्यक्ष श्री कुनाल कयाल, सञ्चालकहरु क्रमश: श्री दिलिप श्रेष्ठ, डा. हेमन्त कुमार दवाडी, श्री प्रकाश मान श्रेष्ठ, श्री सरस्वती गौतम ज्ञवाली र स्वतन्त्र सञ्चालक डा. अनिलराज भट्टराईले आसन ग्रहण गर्नुभयो ।

४.२ सञ्चालक श्री मिता मुरारका अग्रवाल स्वास्थ्यका कारण यस सभामा उपस्थित हुन सक्नु भएन ।

४.३ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुद्युम्न प्रसाद उपाध्यायले पनि आसन ग्रहण गर्नुभयो ।

४.४ कम्पनी वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत श्री रामचन्द्र श्रेष्ठले पनि आसन ग्रहण गर्नुभयो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

४.५ सभामा सहभागी हुन पाल्नु भएका कम्पनीका पूर्व अध्यक्षज्यूहरु, पूर्व सञ्चालकज्यूहरु, संस्थापक शेयरधनीहरु तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

## ५. सभाको सभापतित्व :

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम कम्पनीका अध्यक्ष श्री कुनाल कयालज्यूले साधारण सभाको सभापतित्व गर्नुभई सभाको कार्यक्रम अगाडी बढाउन सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो ।

## ६. गणपुरक संख्या :

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ५१.६० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ५७४ जना स्वंय तथा १५६ जना प्रोक्सी मार्फत उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी गराइयो ।

## ७. उपस्थिति :

### (क) सञ्चालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री कुनाल कयाल | अध्यक्ष |
| २. श्री दिलिप श्रेष्ठ | सञ्चालक |
| ३. श्री मिता मुरारका अग्रवाल | सञ्चालक (स्वास्थ्यका कारण अनुपस्थित ) |
| ४. डा. हेमन्त कुमार दवाडी | सञ्चालक<br>(प्रतिनिधि एन.आर.एन.अफ्रिका भेन्चर्स लि.) |
| ५. श्री प्रकाश मान श्रेष्ठ | सञ्चालक |
| ६. श्री सरस्वती गौतम ज्ञवाली | सञ्चालक |
| ७. डा. अनिलराज भट्टराई | स्वतन्त्र सञ्चालक |

### (ख) शेयरधनीहरुको उपस्थिति :

| | |
|---|---|
| स्वयं उपस्थिति | ५७४ |

प्रुडेन्सियल...जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

| | |
|---|---|
| प्रतिनिधि मार्फत उपस्थिति | १५६ |
| जम्मा उपस्थिति | ७३० |

(ग) **शेयरधनी उपस्थिति संख्या :**

| कुल चूक्ता शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २,१५,००,००० | ५६,८२,१८६.१९ | ५६,२६,२७२.०५ | १,१३,०८,४५८.२४ | ५१.६० |

## ८. सभामा छलफल गरिने प्रस्तावहरुको सूची प्रस्तुत :

सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले पूर्व निर्धारित सूचना अनुसार सभामा छलफलका लागि पेश भएका देहायका प्रस्तावहरु वाचन गर्नुभयो ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

(१) कम्पनीको आठौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, मिति २०८१।०४।०१ गते देखि २०८२।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,१५,००,००,०००।- (अक्षरेपी : दुई अर्व पन्ध्र करोड) को ०.२६३२ प्रतिशतका दरले नगद लाभांश रु. ५६,५७,८९५।०० (अक्षरेपी : छपन्न लाख सन्ताउन्न हजार आठ सय पन्चानब्बे मात्र) पारित गर्ने । (प्रस्तावित लाभांश कर प्रयोजनार्थ)

**ख) विशेष प्रस्ताव तर्फ :**

(१) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,१५,००,००,०००।- (अक्षरुपी : दुई अर्व पन्ध्र करोड) को ५ प्रतिशतका दरले हुने बोनस शेयर रु.१०,७५,००,०००।- (अक्षरेपी : दश करोड पचहत्तर लाख मात्र) बराबरको बोनस शेयर पारित गर्ने ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

(२) कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८१/०८२ मा भएको खर्चको अनुमोदन गर्ने ।

(३) कम्पनीको सातौं वार्षिक साधारण सभाबाट पारित भएको चुक्ता पुंजीको १७ प्रतिशत हकप्रद शेयर बमोजिम हुन आउने ३६,५५,००० कित्ता शेयर समावेश गरी यस साधारण सभाबाट पारित हुने बोनस शेयर जारी गरे पश्चात हुने चुक्ता पूँजीमा हकप्रद शेयर सहितको विवरण पुनरावलोकन गर्न सक्ने अधिकार तथा संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्ने तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

**९. वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री कुनाल कयालज्यूले सञ्चालक समितिको तर्फबाट आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.** सभाका सभापतिज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभए पश्चात कम्पनीको आ.व.२०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु तथा NFRS बमोजिमको प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनु भई निम्न बमोजिम टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

**१०.१. शेयरधनी श्री शत्रुधन श्रेष्ठ:**

- सातौं वार्षिक साधारण सभाबाट पारित १७ प्रतिशत हकप्रद शेयर प्राविधिक कारणले हालसम्म प्राप्त नभएकोमा छिट्टै पाउने आशा गरेको जानकारी गराउनु भयो ।
- नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त भए पश्चात तोकिए बमोजिम यस कम्पनीको चुक्ता पूँजी रु.२ अर्ब ६२ करोड पुग्नेमा खुसी ब्यक्त गर्नुभयो ।
- यो कम्पनी सबै भन्दा पछिल्लो बीमा कम्पनी भए पनि ८ वर्षको छोटो अवधिमै हरेक सूचकाङ्कमा सक्षम र सवल बन्दै गएको देखिन्छ र आगामी वर्षहरुमा पनि सक्षम हुँदै जानेछ भन्ने अपेक्षा राखेको जानकारी गराउनु भयो ।
- बिगत केही वर्ष देखि मुलुकको अर्थतन्त्र ह्रासोन्मुख भएता पनि यस कम्पनीले शेयरधनीहरुलाई ५ प्रतिशत बोनस शेयर तथा ०.२६३२ प्रतिशत नगद लाभांस दिन सकेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

**१०.२ शेयरधनी श्री उत्तम दत्त पाण्डे:**

- आर्थिक वर्ष २०८१/०८२ मा आर्थिक मन्दीका कारण ब्याजदरमा कमी, वाढी, दैवी प्रकोपले सबै बीमा कम्पनीहरु प्रभावित भएता पनि यस कम्पनीले ५ प्रतिशत बोनस शेयर तथा ०.२६३२ नगद लाभांस दिन सकेकोमा सञ्चालक समिति तथा ब्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

- साधारण सभा ढिला हुन गएकोमा ध्यानाकर्षण गराउँदै आगामी चालु आर्थिक वर्षको साधारण सभा समयमै गर्ने प्रयास गर्न अनुरोध गर्नु भयो ।
- गत वर्ष ७.५० प्रतिशत बोनस र सोमा लाग्ने कर प्रयोजनार्थ ०.३९४७ प्रतिशतले नगद लाभाँश प्रदान गर्नु भएको तर यस वर्ष प्रतिफल कम भएको तर्फ ध्यानाकर्षण गराउनु भयो।
- यस वर्ष पनि हामी शेयरधनीहरुले प्रतिफलको आशा गरेको जानकारी गराउनु भयो ।
- बिभिन्न समस्याका बावजुत कम्पनीले प्रगति गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

**१०.३ शेयरधनी श्री जगन्नाथ आचार्य :**

- यस पटक पाँच प्रतिशत बोनस शेयर र त्यसमा लाग्ने नगद लाभांश प्रदान गरेकोमा धेरै खुसी हुन नसके पनि सन्तोष भने मान्न सकिने धारणा ब्यक्त गर्नुभयो ।
- चालु आ.व.को लागी वाह्य लेखापरिक्षक नियुक्त गर्दा लेखापरिक्षण प्रतिवेदन पौष महिना भित्र नै दिनु पर्ने भनेर पत्रमा नै तोकेर दिन अनुरोध गर्नुभयो ।
- संस्थागत सामाजिक उत्तरदायित्वको रकम सहि ठाउँमा परिचालन गरिनु पर्ने धारणा ब्यक्त गर्नुभयो ।
- हाल इरान, इजरायल, अमेरिका, रसिया र यक्रेन बिच भैरहेको युद्धले बीमा बजारमा प्रभाव पारेता पनि कम्पनीको प्रगतिमा सन्तोष ब्यक्त गर्नुभयो ।

**१०.४ शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ:**

- Insurance Industry को Average मा कम भएता पनि यस कम्पनीले ५ प्रतिशत बोनस शेयर तथा ०.२६३२ नगद लाभांस प्रदान गरेकामा सन्तोष ब्यक्त गर्दै १७ प्रतिशत हकप्रद जारीको प्रक्रिया चाँडै शुरु गर्न अनुरोध गर्नुभयो ।
- यस कम्पनीको सूचकांङ्क गत वर्ष भन्दा राम्रो भएकोले आगामी वर्षमा कम्पनीले ब्यवसाय वृद्धि गर्दै बढी प्रतिफल दिने आशा ब्यक्त गर्नुभयो ।
- संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत खर्च भएको रकम प्रस्तावमै उल्लेख भए राम्रो हुने सुझाव दिनुभयो ।
- प्रस्तावित हकप्रद शेयर अहिले पारित हुने बोनस शेयर बितरण पछिको कुल शेयरमा पाउने हो वा होइन प्रष्ट पारिदिनुहुन अनुरोध गर्नुभयो ।

**१०.५ शेयरधनी श्री भेष राज भण्डारी:**

- कम्पनीले आ.व.२०८१/०८२ को मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले बोनस शेयर तथा सोमा लाग्ने कर प्रयोजनका लागी नगद लाभाँश प्रस्ताव गर्नु भएकोमा शेयरधनीको हैसियतले धन्यवाद दिनुभयो ।
- आगामी वर्ष यसभन्दा बढी प्रतिफलको अपेक्षा गरिएको जानकारी गराउनु भयो ।

**१०.६ शेयरधनी श्री सुदिप श्रेष्ठ :**

- NRN Group बाट प्रवर्द्धन गरिएको यस कम्पनीले जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.संग मर्ज गरे पछि पनि विषम परिस्थितिमा पनि प्रतिफल दिएकोमा सराहनिय कार्य गरेको जानकारी गराउनु भयो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

- कम्पनीको Solvency Margin राम्रो भएकोले आगामी वर्ष शेयरधनीलाई राम्रो प्रतिफल दिने आशा ब्यक्त गर्नुभयो ।
  कम्पनीले छोटो अवधिमै एक छुट्टै पहिचान बनाउन सफल भएको र बीमा ब्यवसाय वृद्धि गर्न सफल भएकोमा खुसी ब्यक्त गर्दै आगामी दिनहरुमा अझ सफलता प्राप्त होस भन्ने शुभकामना ब्यक्त गर्नुभयो ।

**१०.७ शेयरधनी श्री उद्धव प्रसाद धिमिरे:**

- कम्पनीको वित्तीय विवरण समग्रमा राम्रो नै छ । र प्रतिफल गत वर्ष भन्दा अलिकम भए पनि स्वागत योग्य नै छ ।
- खर्चमा मितब्ययिता अपनाउन अनुरोध छ ।
- वित्तीय विवरणमा केही तथ्याँङ्क ऋणात्मक देखिएको तर्फ ध्यानाकर्षण गराउँदै वित्तीय विवरण प्रस्तुतिमा सुधार गर्न अनुरोध गर्नुभयो ।
- Actuary Valuation का कारण लेखापरीक्षण समयमै सम्पन्न हुन नसकेकोले साधारण सभा समेत ढिला भएकोले तर्फ विशेष ध्यान दिइ आगामी वर्ष तोकिएको समयमै साधारण सभा सम्पन्न गर्न अनुरोध गर्नुभयो ।
- वीत्तिय विवरणमा कम्पनीको शाखा नेटवर्क सहित नेपालको नक्सा राख्दा प्रस्तुतिकरण राम्रो हुने भएकोले आगामी वर्षको प्रतिवेदनमा सो समावेश गर्न अनुरोध गर्नुभयो ।
- आजको सभामा पेश भएका सम्पूर्ण प्रस्तावहरुमा पूर्ण समर्थन जनाउंदै हकप्रद शेयर छिटो जारी गर्ने व्यवस्था गर्न अनुरोध गर्नुभयो ।
- आगामी वर्ष Double Digit मा प्रतिफलको आशा गरेको जानकारी गराउंदछु ।

**१०.८ शेयरधनी श्री गुण राज भट्ट :**

- आठौ वार्षिक साधारण सभाको सफलताको शुभकामना ब्यक्त गर्दछु ।
- नेपालको आर्थिक अवस्था ओरालो लागेको अवस्थामा पनि ५.२६३२ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिन चाहन्छु ।
- आगामी वार्षिक साधारण सभा तोकिएको समयमै गर्ने प्रयास गर्नु हुन अनुरोध गर्दछु ।

**१०.९ शेयरधनी श्री सुरेन्द्र चिमौरिया :**

- कम्पनीको वित्तीय अवस्था अत्यन्त सवल एंव प्रगती उन्मुख रहेको देखिन्छ ।
- चुक्ता पूँजीको पाँच प्रतिशत बोनस शेयर र त्यसमा लाग्ने नगद लाभांश प्रदान गरेकोमा सञ्चालक समिति तथा ब्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु ।
- आगामी दिनमा आकर्षक लाभांश प्रस्ताव होस भन्ने शुभकामना ब्यक्त गर्दछु ।
- कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

१०.१० **शेयरधनी श्री ई.बैजुनाथ रौनियार:**

- कम्पनीले ५ प्रतिशत बोनस शेयर तथा ०.२६३२ नगद लाभांस दिन सकेकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद र आगामी वर्ष दाहोरो अंङ्कमा प्रतिफल पाउने आशा गरेका छौं ।
- अध्यक्षज्यूको मन्तव्यमा हकप्रद शेयर स्वीकृतिको अन्तिम चरणमा रहेको उल्लेख गर्नुभएकोले हामी आशावादी छौं कि छिटो भन्दा छिटो हकप्रद शेयर पाउने छौं ।
- यस कम्पनीले आफ्नो Vision, Mission र Value अनुसार काम गरिरहेकाले सफलता प्राप्त होस भनि कामना गर्दछु ।
- वीत्तिय विवरणका सबै तथ्याँकले कम्पनीको कार्य प्रगति प्रष्ट पारेको छ ।
- कम्पनीको प्रतिशेयर आम्दानी गत वर्ष भन्दा घटेको देखिन्छ । यसलाई बढाउन पहल गर्नुपर्यो।
- वीत्तिय विवरण अंग्रेजी भाषामा भएकोले सर्वसाधारणले बुझ्न गाह्रो भएकोले नेपाली भाषामा समेत प्रकाशित गर्नु पर्यो ।
- कर्मचारी संख्या गत वर्ष भन्दा कम भएको देखिन्छ यसले कम्पनीको प्रगतिमा कुनै असर परेको छ की छैन ।
- आज प्रस्तुत प्रस्तावहरु प्रति आफ्नो पूर्ण समर्थन रहेको र आगामी दिनमा पनि शेयरधनीहरुलाई राम्रो प्रतिफल दिनु हुनेछ भन्ने आशा व्यक्त गर्नु भयो ।

१०.११ **शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी:**

- हामी शेयरधनीहरुले दाहोरो अंङ्कमा प्रतिफल पाए राम्रो हुने थियो ।
- १ प्रतिशत भन्दा बढी शेयरहुने शेयरधनीहरुको नामावलीमा सस्थापक र सर्वसाधारण शेयरधनी वर्ग छुट्टाउन पर्यो ।
- वित्तीय विवरण अंग्रेजी भाषामा भएकोले सर्वसाधारणले बुझ्न गाह्रो भएकोले नेपाली भाषामा समेत प्रकाशित गर्नुपर्यो ।
- साधारण सभा तोकिएकै समयमा गर्नुहुन अनुरोध छ ।

१०.१२ **शेयरधनी श्री रामजी प्रसाद पण्डित :**

- चुक्ता पूँजीको पाँच प्रतिशत बोनस शेयर र त्यसमा लाग्ने नगद लाभांश प्रदान गरेकोमा धन्यवाद दिन चाहन्छु ।
- सत्र प्रतिशत हकप्रद शेयरको निमित्त धितोपत्र वोर्डबाट स्वीकृति प्राप्त हुन बाँकी रहेको तर्फ ध्यानाकर्षण गराउंदै आवश्यक पहल गरी छिटो भन्दा छिटो स्वीकृति लिई हकप्रद शेयर जारी गर्ने तर्फ लाग्न अनुरोध गर्दछु ।
- शाखा कार्यालयहरु धेरै खोल्नु भन्दा पनि कम शाखा खोलि उपादकत्व बढाउन अनुरोध गर्दछु।

१०.१३ **शेयरधनी श्री इन्द्र प्रसाद लामिछाने:**

- वित्तीय विवरण अंग्रेजी भाषामा भएकोले सर्वसाधारणले बुझ्न गाह्रो भएकोले नेपाली भाषामा समेत प्रकाशित गर्नुपर्यो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

- कम्पनीमा दक्ष व्यवस्थापकहरु रहनु भएको छ र उहाँहरुको अनुभव, क्षमता र दक्षताले कम्पनीले राम्रो प्रगति गरी शेयरधनीहरुलाई राम्रो प्रतिफल दिनु हुनेछ भन्ने अपेक्षा राखेको जानकारी गराउनु भयो ।

१०.१४ **शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठ :**

वित्तीय विवरण अधिकांस अंग्रेजी भाषामा भएकोले सर्वसाधारणले बुझ्न गाह्रो भएकोले नेपाली र अंग्रेजी दुबै भाषामा प्रकाशित गरे राम्रो हुने थियो ।

- पारित हकप्रद शेयर के कति कारणले जारी गर्न ढिला भएको हो यसमा पहल गरी चाँडै जारी गर्न अनुरोध गर्दछु ।
- वित्तीय विवरणको छपाईमा विशेष ध्यान दिन अनुरोध छ ।
- अन्तमा साधारण सभाको सफलताको कामना गर्दछु ।

१०.१५ **शेयरधनी श्री बलराम कोइराला :**

- वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र सम्पन्न गर्नु पर्यो ।
- पाँच प्रतिशत बोनस शेयर र त्यसमा लाग्ने नगद लाभांश प्रदान गरेकोमा धन्यवाद ।
- कम्पनीको Vision, Mission, Value प्रष्ट रुपमा वित्तीय विवरणमा उल्लेख गर्नु पर्यो ।
- आठौ वार्षिक साधारण सभाका तस्बीर नवौ वार्षिक प्रतिवेदनमा प्रकाशित गर्नु पर्यो ।
- आगामी दिनमा हकप्रद शेयरबाट पूजी बृद्धी गर्न अनुरोध छ ।

१०.१६ **शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ :**

- वार्षिक साधारण सभा ढिलो भएको तर्फ ध्यानकर्षण गराउँदछु ।
- पाँच प्रतिशत बोनस शेयर र त्यसमा लाग्ने नगद लाभांश प्रदान गरेकोमा धन्यवाद ।
- कम्पनीलाई जेन्जी आन्दोलनले के कति प्रभाव पारेको छ ? जानकारीका लागी अनुरोध छ ।
- कम्पनीका कर्तब्यनिष्ठ कर्मचारीहरुप्रति आभार प्रकट गर्दछु ।

१०.१७ **शेयरधनी श्री ब्रम्हदेव शाक्य:**

- साधारण सभा समयमै सम्पन्न गर्न अनुरोध गर्दछु ।
- पाँच प्रतिशत बोनस शेयर र त्यसमा लाग्ने नगद लाभांश प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्दछु ।
- संस्थागत सामाजिक उत्तरदायित्वको रकम गत वर्षको भाद्र २४ गते घटेको घटनाबाट भएको क्षतीको पुर्तीको निमित्त सरकारी कोषमा जम्मा गर्न अनुरोध छ ।
- अन्त्यमा, कम्पनीको उन्नति र प्रगतिका लागी काम गर्नुहुने सञ्चालक समिति, व्यवस्थापन समुह र कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ॥

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

१०.१८ **शेयरधनी श्री निरुपमा गुप्ता :**

- आ.व.२०८१/०८२ को चौथो त्रैमासिक अवधिको Net Profit, Earning Per Share, Return on Investment, CAT Reserve बढेको नै छ । प्रायजसो Financial Indicator बढेको छ जो हामी शेयरधनीहरुलाई सुखद पक्ष हो । यो यहाँहरुको कार्य कुशलताको परिणाम हो ।
- हात खाली नहुने गरी थोरै भएपनि प्रतिफल दिनु भएको छ । जुन घट्दो क्रममा रहेको हुनाले यसलाई बढाउने तर्फ प्रयास गर्नुहून अनुरोध गर्दछु ।
- हकप्रद शेयरको हकमा २ वर्ष अगाडी २५ प्रतिशत प्रस्ताव गरेकोमा गत वर्ष १७ प्रतिशतमा कायम गरियो । अत: यस वर्ष जति हुन्छ सो जारी गर्ने प्रयास गर्न अनुरोध गर्दछु ।
- संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरिने खर्च रकम मध्ये केही रकम निर्धन असक्त क्षेत्रको शिक्षामा लगानी गरिदिनहुन अनुरोध छ ।

१०.१९ **शेयरधनी श्री युगल वसेल :**

- पाँच प्रतिशत प्रतिफलको लागी धन्यवाद तर गत आर्थिक वर्ष भन्दा दुई प्रतिशतले घटेको छ ।
- आगामी बर्ष प्रतिफल पाउने सम्भावना छैन ।
- आगामी वर्ष दोहोरो अंङ्कमा प्रतिफल प्रदान गर्न सक्षम होस भनि ध्यानाकर्षण गराउंदछौं ।
- वार्षिक साधारण सभा पौष मसान्त सम्म गर्न नसके पनि चैत मसान्त सम्म गर्नुपर्थ्यो ।

१०.२० **शेयरधनी श्री राजकाजी रंजित :**

- कम्पनीले लेखा परीक्षण प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन राम्रोसंग प्रस्तुत गरेकोमा खुसी ब्यक्त गर्नु भयो ।
- कम्पनीले आफ्ना शेयरधनीहरुलाई बोनस शेयर पश्चात हकप्रद शेयर प्रदान गर्न लागेको छ जुन सराह्रनिय छ र छिट्टै जारी गर्नुहुने आशा गरेको ब्यक्त गर्नुभयो ।
- कम्पनीको प्रगतिका लागी शुभकामना ब्यक्त गर्नु भयो ।

१०.२१ **शेयरधनी श्री लवराज जोशी :**

- हाम्रा सुझावहरुलाई कम्पनी ब्यवस्थापनले आत्मसात गरी चुस्तदुरुस्त रुपमा कम्पनीलाई सञ्चालन गरिरहनु भएको छ । साथै सञ्चालक समितिमा अनुभवी ब्यक्तित्वहरु रहनु भएकोले कम्पनीले राम्रो प्रगति गर्ने कुरामा हामी विस्वस्त छौं ।

  कम्पनीले शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्न सफल भएको छ ।

  पूँजी वृद्धिका सर्न्दभमा कम्पनीले हकप्रद शेयर जारी गर्न साधारण सभामा प्रस्ताव पेश गरेकोमा प्रस्ताव स्वीकृत भएता पनि सम्बन्धित निकायबाट स्वीकृत हुन बाँकी भएकोले हामीले गत वर्ष देखि हकप्रद शेयर प्राप्त गर्न सकेका छैनौ ।

  सञ्चालक समिति तथा ब्यवस्थापनलाई यस सम्बन्धमा आवश्यक पहल गरी यथासिध्र हकप्रद शेयर जारी गर्ने व्यवस्था गर्न अनुरोध गर्दछु ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

१०.२२ **शेयरधनी श्री बसन्त कोइराला :**

- शेयरधनीहरुलाई आफ्नो सम्पत्तिको बीमा यसै कम्पनीमा गर्न अनुरोध छ ।

११. सभाका सभापति तथा कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट प्राप्त प्रतिक्रिया, जिज्ञासा तथा महत्वपूर्ण राय सुझावका लागी धन्यवाद दिनुहुँदै उहाँहरुको जिज्ञासालाई सम्बोधन गर्नुभयो ।

यस कम्पनीको आठौ वार्षिक साधारण सभासम्म निरन्तर रुपमा सहभागी भइरहनु भएका शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस प्रकारको सहभागिताले हामीलाई हौसला प्रदान गरेको छ । धेरै शेयरधनी महानुभावहरुले लिखित रुपमा राय सुझाव प्रदान गरि सभाको समय बचत गरिदिनु भयो । कम्पनीले समयमै दाबी भुक्तानीलाई प्राथमिकतामा राखेको छ । बीमा दाबी भुक्तानीको निमित्त आवश्यक कागजात प्राप्त नभएको हकमा मात्रै दाबी भुक्तानीमा केहि ढिला हुन जान्छ । १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रक्रिया नेपाल धितोपत्र बोडबाट स्वीकृत हुने क्रममा रहेको छ । हकप्रद शेयर स्वीकृत भए पश्चात आठौ साधारण सभा गर्ने योजना रहेकोले साधारण सभा ढिलो हुन गएको ब्यहोरा अनुरोध छ । जारी गरिने हकप्रद शेयरको संख्यामा फरक नहुने तर अनुपातमा केहि फरक पर्नेछ । जेन्जी आन्दोलनले बीमामा प्रतिकुल असर गरेको भएतापनि यस कम्पनीले समयमै धेरै दाबी भुक्तानी गरेको । दाबी भुक्तानी गर्न सहजता प्रदान गर्ने नेपाल पुनर्बीमा कम्पनीलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा हवाई बीमामा यस कम्पनीले ध्यान दिनेछ । मर्जरका कारण शाखाहरु बढेका छन् र आवश्यकतानुसार घटबढ भैरहन्छन् । नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिमको वित्तीय विवरणहरु अंग्रेजीमा नै प्रकाशन गर्नुपर्ने हुन्छ र अन्यको हकमा नेपालीमा प्रकाशित गरिनेछ । चाडो भन्दा चाढो दाबी भुक्तानी नै आजको मार्केटिङ भएकोले ढिलाई गर्ने कुनै कारणनै छैन। कम्पनीले सूचना प्रविधिलाई आत्मसाथ गरि बीमा ब्यवयसायलाई प्रविधि मैत्री बनाउदै लगेको छ । साथै आगामी दिनमा यस कम्पनीलाई अझै मजबुत, भरपर्दा र विश्वासिलो बनाउदै लैजाने प्रतिबद्धता ब्यक्त गर्दछु ।

आदरर्णीय शेयरधनी महानुभावहरु, यस कम्पनीको आजको आठौं वार्षिक साधारण सभामा प्रस्तुत वित्तीय विवरण उपर छलफल कार्यक्रममा सक्रिय रुपमा सहभागी भई महत्वपूर्ण राय, सुझाव पेश गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीले यहाँहरुबाट प्राप्त राय, सुझाव एकदम मनन् गरी सर्हष स्वीकार गरेकाछौं र आगामी दिनहरुमा सुधार गर्दै लैजाने छौं ।

**१२.सभाबाट भएका निर्णयहरु:**

प्रस्तुत वार्षिक प्रतिवेदन उपर शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको सम्वोधन पश्चात सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका बिषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु पारित गरियो ।

**क) सामान्य प्रस्तावहरु तथा सोमा भएको निर्णय :**

(१) कम्पनीको आठौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

प्रस्ताव नं. क (१) को सम्बन्धमा, संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन निर्णयार्थ सभामा प्रस्तुत भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

(२) कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, मिति २०८१।०४।०१ गते देखि २०८२।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

प्रस्ताव नं. क (२) को सम्बन्धमा कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८१/०८२ को वासलात, मिति २०८१।०४।०१ गते देखि २०८२।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि सभामा प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सर्वसम्मतिबाट पारित गरियो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

प्रस्ताव नं.क (३) को सम्बन्धमा कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम बाह्य लेखापरिक्षण गर्नका लागि संचालक समितिको सिफारिसमा श्री एस.आर.एम.ए.एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्सलाई यस कम्पनीको चालु आर्थिक वर्ष २०८२/०८३ को वाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (Long Form Audit Report), नेपाल वित्तीय प्रतिवेदन मान ( NFRS) -4 तथा 17 बमोजिमको वित्तीय विवरण परीक्षण, नेपाल धितोपत्र बोर्डमा पेश गरिने वार्षिक अनुपालन प्रतिवेदन तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण गर्नका लागी बाह्य लेखापरिक्षक नियुक्त गर्ने र पारिश्रमिक वापत मुल्य अभिवृद्धि कर बाहेक रु.४,५०,०००/- (रु.चार लाख पचास हजार मात्र) प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

(४) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,१५,००,००,०००।- (अक्षरेपी : दुई अर्व पन्ध्र करोड) को ०.२६३२ प्रतिशतका दरले नगद लाभांश रु. ५६,५७,८९५।०० (अक्षरेपी : छपन्न लाख सन्ताउन्न हजार आठ सय पन्चानब्वे मात्र) पारित गर्ने । (प्रस्तावित लाभांश कर प्रयोजनार्थ)

प्रस्ताव नं.क (४) को सम्बन्धमा संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,१५,००,००,०००।- (अक्षरेपी : दुई अर्व पन्ध्र करोड) को ०.२६३२ प्रतिशतका दरले नगद लाभांश रु.५६,५७,८९५।०० (अक्षरेपी : छपन्न लाख सन्ताउन्न हजार आठ सय पन्चानब्वे मात्र) प्रस्तावित लाभांश कर प्रयोजनार्थ पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

**ख) <u>विशेष प्रस्तावहरु तथा सोमा भएको निर्णय :</u>**

(१) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजीरु.२,१५,००,००,०००।- (अक्षरुपीः दुई अर्व पन्ध्र करोड) को ५ प्रतिशतका दरले हुने बोनस शेयर रु.१०,७५,००,०००।- (अक्षरेपी : दश करोड पचहत्तर लाख मात्र) बराबरको बोनस शेयर पारित गर्ने ।

सगरमाथा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

प्रस्ताव नं. (ख) १ को सम्बन्धमा संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,१५,००,००,०००।- (अक्षरुपी : दुई अर्व पन्ध्र करोड) को ५ प्रतिशतका दरले हुने बोनस शेयर रु.१०,७५,००,०००।- (अक्षरेपी : दश करोड पचहत्तर लाख मात्र) बराबरको बोनस शेयर पारित गर्ने र बोनस शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्व सम्मतिबाट पारित गरियो । जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न कम्पनीको प्रबन्धपत्रको दफा ५(ख) र (ग) संशोधन सहितको यसै साथ संलग्न तीन महल सर्वसम्मतिबाट पारित गरियो ।

(२) कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८१/०८२ मा भएको खर्चको अनुमोदन गर्ने ।

प्रस्ताव नं. (ख) २ को सम्बन्धमा, कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८१/०८२ मा यस कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च रकम रु.२०,७२,१५६।- अनुमोदन गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

(३) कम्पनीको सातौं वार्षिक साधारण सभाबाट पारित भएको चुक्ता पुँजीको १७ प्रतिशत हकप्रद शेयर बमोजिम हुन आउने ३६,५५,००० कित्ता शेयर समावेश गरी यस साधारण सभाबाट पारित हुने बोनस शेयर जारी गरे पश्चात हुने चुक्ता पूँजीमा हकप्रद शेयर सहितको विवरण पुनरावलोकन गर्न सक्ने अधिकार तथा प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

प्रस्ताव नं. (ख) ३ को सम्बन्धमा, कम्पनीको सातौं वार्षिक साधारण सभाबाट पारित भएको चुक्ता पुँजीको १७ प्रतिशत हकप्रद शेयर बमोजिम हुन आउने ३६,५५,००० कित्ता शेयर समावेश गरी यस साधारण सभाबाट पारित हुने बोनस शेयर जारी गरे पश्चात हुने चुक्ता पूँजीमा हकप्रद शेयर सहितको विवरण पुनरावलोकन गर्न सक्ने अधिकार तथा प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

**ग) <u>विविध प्रस्ताव तथा सोमा भएको निर्णय :</u>**

विविध बिषयमा कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।

**१३. धन्यबाद ज्ञापन :**

कम्पनीको आठौं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा ब्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी ब्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

**१४. सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति, अध्यक्ष श्री कुनाल कयालज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले कम्पनीको आठौं वार्षिक साधारण सभा अपरान्ह १२.४५ बजे बिसर्जन गर्नुभयो ।

श्री सुबोध लाल श्रेष्ठ
(कम्पनी सचिव /नायब महाप्रबन्धक)

सानिमा जिआईसी इन्स्योरेन्स लि.
केन्द्रीय कार्यालय
काठमाडौं

श्री कुनाल कयाल
(अध्यक्ष)

मिति : २०८३ साल जेष्ठ ६ गते बुधवार ।

## सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको
## आठौ वार्षिक साधारण सभाबाट प्रबन्धपत्रमा संशोधन

| दफा | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५ | **कम्पनीको पूँजीको संरचना :**<br>(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.२,५१,५५,००,०००।- (अक्षरेपी: दुई अर्ब एकाउन्न करोड पचपन्न लाख ) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१०० का दरले २,५१,५५,००० (दुई करोड एकाउन्न लाख पचपन्न हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ। | **कम्पनीको पूँजीको संरचना :**<br>(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.२,६२,३०,००,०००।- (अक्षरेपी: दुई अर्ब बैसठ्ठी करोड तीस लाख) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१०० का दरले २,६२,३०,००० (दुई करोड बैसठ्ठी लाख तीस हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ। | कम्पनीले. शेयरधनीलाई चुक्ता पुँजीको ५ प्रतिशत बोनश शेयर प्रदान गर्ने प्रस्ताव गरेकोले। |
| | **कम्पनीको पूँजीको संरचना :**<br>(ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु.२,५१,५५,००,००० (दुई अर्ब एकाउन्न करोड पचपन्न हजार) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु.१०० का दरले २,५१,५५,००० (दुई करोड एकाउन्न लाख पचपन्न हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ। | **कम्पनीको पूँजीको संरचना :**<br>(ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु.२,६२,३०,००,००० (दुई अर्ब बैसठ्ठी करोड तीस लाख) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु.१०० का दरले २,६२,३०,००० (दुई करोड बैसठ्ठी लाख तीस हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ। | कम्पनीले शेयरधनीलाई चुक्ता पुँजीको ५ प्रतिशत बोनश शेयर प्रदान गर्ने प्रस्ताव गरेकोले। |

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं